# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/०३/१२ (संख्याः २**


## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

## २०७७ सालको कार्यविधि नं. २

## कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि, २०७७

गाउँकार्यपालिकाबाट प्रमाणिकरण मिति : २०७७।०३।०९

गाउँसभाबाट अनुमोदन मिति : २०७७।०६।०९

नेपाल सरकारको सविंधानद्धारा प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन, सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चिततताका लागि विद्यालयको माग (प्रस्ताव) को आधारमा सामुदायिक

विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको संविधानद्वारा प्रदत्त स्थानीय तहको एकल अधिकार स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा २ ज (१४) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार तथा छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ दफा ६३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट "सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि", २०७७ जारी गरीएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सक्षिंत नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि" ,२०७७ रहेको छ ।

खं) यो कार्यविधि छत्रकोट गाउँकार्यपालिबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) गाउँपालिका भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) शाखा भन्नाले छत्रकोट गाउँकार्यपालिकाको शिक्षा तथा युवा खेलकुद शाखा सम्झनु पर्दछ ।

घ) वडा भन्नाले छत्रकोट गाउँपालिका अर्न्तगत सबै वडाहरु सम्झनु पर्दछ ।

ङ) प्राविधिक भन्नाले कार्यलयमा कार्यरत प्राविधिक शाखा बाट खटाईएको सम्वन्धित प्राविधिक सम्झनु पर्दछ ।

ज) अनुदान भन्नाले सम्बन्धित शिक्षा तथा युवा खेलकुद विकास कार्यक्रम एवं विद्यालयको भौतिक संरचना तथा निर्माण प्रयोजन समेत को लागि संचालनका लागि दिईने अनुदान सम्झनु पर्दछ ।

झ) प्रस्तावक भन्नाले विद्यालय व्यावस्थापन समितिबाट पेश गर्ने कार्यपत्र  सम्झनु पर्दछ ।

ड) श्रमदान भन्नाले प्रस्तावक वा सेवा ग्राहिले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्झनु पर्दछ ।

**३. यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

- प्रचलित कानुनको अधिनमा रही विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजना र प्रस्तावनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गरी विद्यालयको समग्र पक्षको विकासमा सहयोग पुऱ्याउने ।
- विद्यार्थीलाई प्रोत्साहन अनुदान वितरण मार्फत उनीहरुको सर्वपक्षीय विकास र सिकाई उपलब्धी अभिवृद्धी गराउने ।
- विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक सक्षमता बलियो बनाउने ।
- कुनै पनि तहमा स्वीकृत दरबन्दी तथा राहत शिक्षक अनुदना प्राप्त नगरेका सामुदायिक विद्यालयहरुको तलब व्यवस्थापन, सञ्चालन र विकासमा सघाउ पुऱ्याउने ।

## परिच्छेद-२

### ४. अनुदान प्राप्तीका शर्तहरु :

१) विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय सुधारका पक्षहरु समेटिएको विद्यालय सुधार योजनाको तयारी तथा अद्यावधिक गरेको हुनु पर्ने ।

२) विद्यालयले हरेक वर्ष कारोवारको नियमित रुपमा लेखा परीक्षण गरेको हुनु पर्ने,

३) विद्यालयले प्रषित गर्नुपर्ने प्रतिवेदनहरु जस्तो लेखा परीक्षण, सामाजिक परीक्षण आदि सम्बन्धित निकायहरुमा समयमै प्रेषित गरेको हुनुपर्ने,

४) विद्यालयले नियमित रुपमा फ्ल्यास तथ्याकं भरी सम्बन्धित निकायमा सम्प्रेषण गरेको हुनुपर्ने,

५) विद्यालय व्यवस्थापन समिति गठन भई नियमित बैठेक बसेको हुनुपर्ने ।

६) विद्यालय व्यवस्थापन समितिको बैठकबाट प्रस्ताव पेश गर्ने र प्रस्तावनाको आधारमा खर्च गर्ने निर्णय भएको हुनुपर्ने ।

७) स्वीकृत दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयको व्यवस्थापन, सञ्चालन र विकासमा सघाँउ पुऱ्याउने कार्यक्रम भए निजी स्रोतमा राखिएका शिक्षक कर्मचारीको नियुक्ति तथा शैक्षिक योग्यता सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपी हुनुपर्ने ।

८) प्रचलित ऐन नियम बमोजिम सम्वन्धित निकाय/ कार्यालयबाट सञ्चालन अनुमति लिएको हुनुपर्ने ।

## परिच्छेद-३

## गाउपालिकाको कार्यालयमा पेश गर्नुपर्ने कागजातहरु

१) विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय सुधारका पक्षहरु समेटिएको विद्यालय सुधार योजनाको प्रतिलिपि

२) विद्यालयले अघिल्लो वर्ष कारोवारको  लेखा परीक्षण गरेको र सामाजिक परीक्षण प्रतिलिपि

३) विद्यालय व्यवस्थापन समिति गठन भई नियमित बैठेक माईनुट को प्रतिलिपी

४) स्वीकृत दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयको व्यवस्थापन, सञ्चालन र विकासमा सघाँउ पुऱ्याउने कार्यक्रम भए निजी स्रोतमा राखिएका शिक्षक कर्मचारीको नियुक्ति तथा शैक्षिक योग्यता सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपी

५) चालु शैक्षिक सत्रको विद्यार्थी विवतरण

६) वार्षिक एकमुष्ठ अनुदान सम्वन्धमा अनुरोध गरेको प्रस्ताव सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको निबेदन ।

## परिच्छेद-४

४. **विद्यालय छनोट प्रक्रिया** : विद्यालय छनोटका प्रक्रिया तथा आधारहरु

क) विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजना र प्रस्तावनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी विद्यालयको समग्र पक्षको विकासमा सहयोग पुऱ्याउने लक्ष सहितको छत्रकोट

गाउँकार्यपालिकाको शिक्षा, खेलकुद तथा युवा शाखामा पेश गर्नु पर्ने छ ।

ख) सम्वन्धित विद्यालय रहेको वडा कार्यालयको अनुदान आवश्यकता सम्वन्धि अनुगमन गरेको प्रतिवेदन सहित सिफारिस

ग) सबै वडा कार्यालय बाट आएका सिफारिस पत्र र विद्यालयवाट आएको विद्यालय सुधार योजना र प्रस्तावना सम्वन्धि गाउँकार्यपालिकाको बैठकमा पेश गरी गाउँकार्यपालिकाको बैठको निर्णय बमोजिम एकमुष्ट अनुदान दिईने छ ।

५. **अनुदान खर्च गर्ने प्रक्रिया** : प्रध्यानाध्यापकले विद्यालय सुधार योजना र प्रस्तावनाको आधार अनूरुप खर्चको प्रस्ताव गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई अनुदान खर्च गर्ने व्यवस्था गर्नु पर्ने छ ।

## परिच्छेद-५

६. **करार सम्झौता अनुसार काम गर्नु पर्ने** : यस कार्यविधि अनुसार छनोट भएका विद्यालयले विद्यालय सुधार योजना र प्रस्तावनाको आधार अनुसार काम सम्पन्न नगर्ने तथा दिएको निर्देशानुसार काम नगर्ने विद्यालयलाई प्रचलित कानुन अनुसार कार्वाही गरिनेछ ।

७. **निर्देशन दिन सक्ने** : छत्रकोट गाउँपालिका,गाउँकार्यपालिकाको अनुगमन समितिले कुनै पनि समयमा अनुगमन गर्न सक्नेछ । विद्यालय सुधार योजना र प्रस्तावनाको आधार अनुरुप कार्य नभएको पाईएमा तत्काल अनुदान रोक्न तथा फिर्ता माग्न सक्ने अधिकार रहनेछ ।

९. **प्रतिवेदन पेश गर्नुपर्ने** : अनुदान प्राप्त विद्यालयले आफुले गरेको काम तथा प्रगतिको प्रतिवेदन सम्बन्धमा वार्षिक रुपमा लेखापरिक्षण गरी शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत गाउँकार्यपालिकामा पेश गर्नुपर्ने छ । सो को आधारमा मूल्याकंन गरि चालु आर्थिक वर्षमा विद्यालयलाई अनुदानको छनोट गरिने छ ।

## परिच्छेद-६

## संशोधन तथा परिमार्जन सम्वन्धमा

१) गाँउपालिका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट कार्यविधि संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद-७

१०. **खारेजी र बचाउ** : यस कार्यविधि व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानुन संग वाझिएको हकमा वाझिएको हदसम्म खारेजी हुनेछ ।

प्रमाणिकरण मितिः २०७७।०३।१२

आज्ञाले

..........................

प्रमुख प्रशासकीय अधिकृत